**स्थानीय राजपत्र**

**बेलडाँडी गाउँपालिका द्वारा प्रकाशित**

**७ नं. प्रदेश, बेलडाँडी ,कञ्चनपुर, जेठ , ०८ गते २०७५ साल संख्याः १**

**भाग ३**

# विद्यालय अनुमति कार्यविधि २०७५

# बेलडाँडी गाउँपालिका

नेपालको संविधान २०७२ को अनुसुचि ८ मा आधारभूत तह र माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहको अधिकार अन्तर्गत समावेश भएको अवस्था र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड ज मा मा स्थानीय तहको अधिकारल अन्तर्गत आधारभूत तथा माध्यमिक तहको शिक्षा सम्वन्धि अधिकार अन्तर्गत २३ वटा अधिकार समावेश भएकोमा उक्त अधिकारमा विद्यालय अनुमति सम्वन्धि अधिकार पनि रहेकोमा यस गाउँ पालिका अन्तर्गत संचालनमा रहि कक्षा थप तथा तह थपका लागि कार्यालयमा निवेदन पेश गरेका विध्यालयहरु लाइ हाल शैक्षिक सत्र पनि संचालन भइ सकेकोमा कक्षा थप तथा तह थपको अनुमती सम्बन्धि कार्य सम्पन्न गर्नु पर्ने अवस्था

परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क_ गाउँ पालिका भन्नाले वेलडाडी गाउँपालिका भन्ने बुझ्नु पर्ने छ ।

ख_ अधिकार प्राप्त अधिकारी भन्नाले वेलडाडी गाउँपालिकाको प्रशासकिय प्रमुखलाइ वुझाउने छ ।

ग_ आधारभूत विद्यालय भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८ सम्म शिक्षा दिने विद्यालय भन्ने बुझ्नु पर्ने छ ।

घ_ माध्यमिक विद्यालय भन्नाले कक्षा ९ देखि १२ सम्मको शिक्षा दिने विद्यलय भन्ने बुझ्नु पर्ने छ ।

a_ सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत पाप्त विद्यालय भन्ने बुझाउछ

च_ संस्थागत विद्यालय भन्नाले नेपाल सरकारबाट  नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त गरेको विद्यालय भन्ने बुझ्नु पर्दछ ।

छ_ अनुमित भन्नाले कक्षा संचालनका लागि दिएको अस्थायी अनुमति भन्ने बुझ्नु पर्दछ ।

ज_ ऐन भन्नाले  स्थानीय सरकार संचालन ऐन २०७४ लाई जनाउ छ ।

नेपालको संविधान २०७२  र स्थानीय सरकार संचानल ऐन २०७४ को प्रावधान र  शिक्षा ऐन २०२८ र नियमावली २०५९ संशोधन समेतको आधारमा प्राप्त निवेदनहरुमाथी छानविन गरी गाउँ कार्यपालिकाले अनुमित प्रदान गर्न मनासिव देखेमा तोकिएका शर्तहरु पालना गर्ने गरारउने गरी अनुमति  दिन सक्ने छ ।

२_ अनुमति प्रदान गर्ने आधारः

क_ सम्वन्धित वडा कार्यालको कक्षा थप र तह थपको लागि स्पस्ट सिफारिस पेश भएमा ।

ख_ अनुमति प्राप्त कक्षा भन्दा तल्लो कक्षामा न्यूनतम विद्यार्थी सुस्थागतको हकमा २२ जना र सामुदायिकको हकमा ५० जना भएको

ग_ विद्यालय अनुमतिको लागि शिक्षा नियमावली अनुसुचि  ३ वमोजिमका पूर्वाधार पूरा गरेको निरीक्षण प्रतिवेदनबाट प्राप्त भएमा.।

३_ विद्यालयले प्रत्येक वर्ष १ कक्षाका दरले मात्र कक्षा थपको अनुमति पाउने छ ।

४_विद्यालयले कक्षा थपको लागि आवश्यक शिक्षकको व्यवस्था गरेको हुनु पर्ने छ ।

५_ स्थलगत अनुगमन गर्दा विद्यालय निरीक्षक श्रोत व्यक्ति र स्थानीय जन प्रतिनिधि समेत को निरीक्षण प्रतिवेदन आधारमा गर्ने।

६_ नियमानुसार विद्यालय व्यवस्थापन समिति गठन भएको ।

७_ नजिकका २ वटा छिमेकी विद्यालयको सहमति भएको ।